# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## साविकको नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौं, फोन नं.०१-४१११९८२८, Website : www.skbbl.com.np

## सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०७५/१०/९ गते)

यस वित्तीय संस्थाको मिति २०७५ पौष २१ गते बसेको सञ्चालक समितिको ३३१औं बैठकको निर्णयानुसार संस्थाको सत्रौं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७५ माघ १८ गते (February 1, 2019) शुक्रबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ.व. २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १६५(१)(घ) बमोजिम लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७४/७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु.६२,८८,२७,९२९.६९ को १.३१७ प्रतिशतले हुने रु.८२,७४,०५१/७१ (अक्षेरेपी बयासी लाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसामात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समतिको प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समूह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरूमध्येबाट एक जना र संस्थापक साना किसान कृषि सहकारी संस्था लि.हरूमध्येबाट एक जना महिला सहित तीन जना गरी जम्मा चार (४) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७४/७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु. ६२,८८,२७,९२९.६९ को २५ प्रतिशतले हुने रु.१५,७२,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय बयासी रुपैयाँ बयालिस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

### साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड समूह 'क' को सञ्चालक पदको निर्वाचन कार्यक्रमको सूचना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समूह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरूमध्येबाट १ जना र संस्थापक साना किसान कृषि सहकारी संस्था लि.हरूमध्येबाट १ जना महिला सहित ३ जना सहित जम्मा ४ जना सञ्चालकहरूको निर्वाचनको प्रयोजनको लागि निम्नलिखित बमोजिमको निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | ०७५।१०।१६ | | ११:०० | साना किसान विकास लघुवित्त वित्तिय संस्था लि.को के.का.स्थित प्रमुख निर्वाचन अधिकृतको कार्यालय । |
| २ | मतदाता नामावलीमा दावी विरोध गर्ने | ०७५।१०।१६ | ११:३० | १२:३० | |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने | ०७५।१०।१६ | | १४:३० | |
| ४ | उम्मेदवार मनोनयन पत्र दर्ता गर्ने | ०७५।१०।१७ | ११:०० | १३:०० | |
| ५ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारको प्रथम नामावली प्रकाशन गर्ने | ०७५।१०।१७ | | १३:३० | |
| ६ | उम्मेदवारको विरोधमा उजुरी दिने | ०७५।१०।१७ | १३:४५ | १४:३० | |
| ७ | मनोनयन पत्रको जाँच र उजुरीउपर निर्णय गर्ने | ०७५।१०।१७ | | १५:०० | |
| ८ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | ०७५।१०।१७ | | १६:०० | |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | ०७५।१०।१७ | १५:०० | १७:०० | |
| १० | मतदान गर्ने | ०७५।१०।१८ | १४:०० | १६:०० | साधारणसभा स्थल (कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।) |
| ११ | मतगणना | मतदान सम्पन्न भए पछि | | | |
| १२ | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा | मतगणना सम्पन्न भए पछि | | | |

**प्रमुख निर्वाचन अधिकृत**

मिति : २०७५/९ /२१

**नोट:**

(१) निर्वाचन प्रक्रियामा उम्मेदवारी/मतदान समेत गर्ने प्रयोजनका लागि सम्बन्धित संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाको सञ्चालक समितिले सो संस्थाको शेयरधनीमध्येबाट प्रतिनिधि मुकर्रर गरेको निर्णय सहितको पत्र, नागरिकताको प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी र सो संस्थामा आफूले लिएको सेयर प्रमाणपत्रको प्रतिलिपी साथै लिई आउनु पर्नेछ ।

(२) समूह "क" संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरूमध्येबाट यस सभामा भाग लिन तथा निर्वाचन प्रक्रियामा उम्मेदवारी/मतदान समेत गर्ने प्रयोजनका लागि उक्त बैंकहरूको आन्तरिक नियमअनुसार सञ्चालक समिति वा अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृतले तोकेको प्रतिनिधिले आधिकारिक पत्र तथा परिचयपत्र/नागरिकता प्रमाणपत्रको प्रतिलिपी साथ तोकिएको मिति समय र स्थानमा उपस्थित हुनु पर्नेछ ।

**पुनश्च:** वार्षिक साधारण सम्बन्धी अन्य जानकारी, कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०७५/०९/२२ मा प्रकाशित अभियान राष्ट्रिय दैनिकमा हेर्नुहोला ।